सचेत नागरिकको पुण्य काम,
**मृत्युपछि अङ्गदान**
- मानिस जीवित हुँदा आफैंले र मृत्युपछि आफन्तले अङ्गदान गर्न सक्छन् ।
- मृत शरीरको दुईवटा मिर्गौला, दुईवटा फोक्सो, मुटु, कलेजो, प्याङ्क्रियाज र सानो आन्द्रासमेतको अङ्गदान गरी आठजनासम्मको ज्यान बचाउन सकिन्छ ।
- मस्तिष्क मृत्यु (Brain Death) भएका व्यक्तिको पनि अङ्ग लिन मिल्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ चैत २८ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 April 11 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २२१

## 'देश दशजना नेता र ५५ जना बैंक सञ्चालकको कब्जामा'

प्रस, परवानीपुर, २७ चैत⁄
बैंक तथा वित्तीय संस्थाले चर्को ब्याज भए मिटरब्याजीको ऋण र बैंक तथा वित्तीय संस्थाहरूबाट लिएको रु २० लाखसम्मको ऋण मिनाहा गराइछाड्ने दाबी गरे । मेचीको झापाबाट शुरू भएको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति, मानव बचाउ अभियानले महाकालीसम्मका विभिन्न जिल्लामा कार्यक्रम गरेर नेपाली जनताको समस्या उजागर गर्ने र बैंक तथा वित्तीय संस्थाको कर्जा, ब्याज माग आउने सहकारी तथा बैंकका पदाधिकारीलाई लखेट्ने तयारीमा रहेको उनले बताए ।



तस्वीर: प्रतीक

लिएको भन्दै बैंक तथा वित्तीय संस्थाको विरोध गर्दै देशभरि अभियान चलाएका दुर्गा प्रसाईंले वीरगंजमा पनि कार्यक्रम सम्पन्न गरेका छन् ।

वीरगंजको आदर्शनगरस्थित पुरानो बसपार्कमा आयोजित विरोधसभामा उनले भने– "देश अहिले दशजना नेता र ५५ जना बैंकका सञ्चालकको कब्जामा छ । नेपाली जनताको समस्या र दुःख–सुखमा काम लाग्ने कोही भएन । त्यस कारण मैले करोडौंको ब्यापार–व्यवसाय छाडेर यो अभियानमा लागेको छु ।"

उनले आफ्नो अभियानमा सहभागी

उनले भने– "नेपाल सरकार र नेताहरूका कारण नेपाली जनताले दुःख पाएको छ । प्रधानमन्त्रीको अगाडि जनताले आत्मदाह गर्नुपर्ने अवस्था छ । गर्भवतीहरूले कुटाइ खान्छन्, नेपाली दिदीबहिनीहरू पति विदेशमा हुँदा पनि आफू फुन्डिएर मर्नुपर्ने अवस्थाले गर्दा नेपाली जनताको धैर्यको बाँध फुटेको छ, त्यस कारण अभियानमा संलग्न भएर पीडित जनतालाई न्याय दिलाउन सघाउनुहोस् ।"

उनले आगामी दिनमा सत्ताको सिंहासनमा बस्ने नेताहरूको पनि औकात देखाउन जनता जुर्मुराएर गाउँ–गाउँबाट उठिरहेको र सरकारले जनताको समस्या सम्बोधन गर्न ढिलाइ गरेको खण्डमा मन्त्री र सांसदलाई पनि कारबाई गर्ने चेतावनी दिए ।

कार्यक्रममा अभियानकी प्रवक्ता रमा सिंहले नेपाल सरकारको नीतिका कारण नेपालीहरू वैदेशिक रोजगारमा जानुपरेको र उनीहरूका परिवार यहाँ साहुको चर्को ब्याजदरमा ऋण तिर्दातिर्दै मृत्युको मुखमा पुग्ने गरेको अवस्था निकै गम्भीर भएको बताइन् । उनले भाषण सुनेर घरमा बस्नुभन्दा सडकमा आएर गलत कुराको विरोध गर्न सुझाव दिइन् ।

अभियानका वीरगंज संयोजक नरेश साहको अध्यक्षतामा भएको कार्यक्रममा विश्व हिन्दू परिषद्का अध्यक्ष सन्तोष पटेल, अजय चौरसियालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## नयाँ वर्षमा तीन दिनसम्म रात्रिबजार लाग्ने

प्रस, वीरगंज, २७ चैत⁄
वीरगंज महानगरपालिकाले सोमवार


तस्वीर: प्रतीक

पत्रकार सम्मेलन गरी नयाँ वर्षको अवसरमा तीन दिन रात्रिबजार सञ्चालन हुने जनाएको छ ।

नगरप्रमुख राजेशमान सिंहले चैत ३० देखि वैशाख २ गतेसम्म महानगरको आदर्शनगर क्षेत्रमा रात्रिबजार सञ्चालन गरिने बताए । उनले रात्रिबजारको तयारी जारी रहेको र सो अवधिमा छिमेकी भारतबाट समेत पर्यटकहरू आउने वातावरण मिलाउन राति १० बजेसम्म खुल्ने वीरगंज–रक्सौल नाका तीन दिन २४सैं घण्टा खुला हुने बताए ।

वीरगंजस्थित भारतीय महावाणिज्य दूतावास र स्थानीय प्रहरी प्रशासनको सहकार्यमा भारतीय पक्षसँग यस सम्बन्धमा छलफल भएर तीन दिन सीमानाका खुला गर्ने सहमति भएको बताए । वीरगंजलाई आर्थिक राजधानी भनिए पनि ठीकविपरीत व्यापार–व्यवसाय हुँदै आएको र अहिले आर्थिक मन्दीको अवस्थामा अर्थतन्त्र चलायमान बनाउन रात्रिबजारको अवधारणा अघि सारिएको उनले बताए ।

आदर्शनगरचोकदेखि कैलाशचोक, पुरानो बसपार्क र चिल्ड्रेन पार्कसम्म रात्रिबजारका सयभन्दा बढी स्टल राखिने र शिक्षा, स्वास्थ्यसम्बन्धी जानकारीका साथै कपडा, जुत्ता–चप्पल, विविध सामग्रीका स्टलका साथै खानाका परिकारहरू र विभिन्न कला–संस्कृति झल्किने झाँकी, साङ्गीतिक प्रस्तुति हुने नगरप्रमुख सिंहले बताए ।

वीरगंजमा पहिलोपटक रात्रिबजार आयोजना हुन लागेको र यसको सफलतासँग आगामी दिनको यात्रा तय हुने उनले बताए । नगरप्रमुख सिंहले ७५ प्रतिशत महानगरको लगानी र २५ प्रतिशत निजी क्षेत्रको लगानीमा रात्रिबजार आयोजना गर्न लागेको र यसमा सबै पक्षको सहकार्यको लागि आह्वान गरेका छन् ।

पत्रकार सम्मेलनमा उपप्रमुख इम्तियाज आलम, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल, ग्रीन सिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष प्रकाश खेतान, नूतन सरावगी, सञ्जय अग्रवाललगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण नगरप्रमुखका प्रेस सल्लाहकार महेश दासले गरेका थिए ।

## यातायात मजदूरको अध्यक्षमा भण्डारी निर्विरोध

प्रस, वीरगंज, २७ चैत⁄
नेपाल यातायात मजदूर सङ्घको अध्यक्षमा धर्मराज भण्डारी निर्विरोध निर्वाचित भएका छन् । हिजोदेखि वीरगंजमा शुरू भएको सातौं महाधिवेशन आज बिहान सबै पदाधिकारी सदस्यहरूलाई निर्विरोध निर्वाचित गर्दै सम्पन्न भएको छ ।

निर्वाचन समितिले सबै पदमा एकजनाको मात्र उम्मेदवारी परेकाले निर्विरोध भएको बताएको छ । सङ्घको वरिष्ठ उपाध्यक्ष सुमन लामा घले, खुला उपाध्यक्षत्रय जयबहादुर बुढा, भेषबहादुर खड्का र कमलकुमार राई, महिला उपाध्यक्ष शान्ति भट्ट, महासचिव जगरनाथ गौतम निर्विरोध निर्वाचित



तस्वीर: प्रतीक

भएका थिए ।

यसैगरी, प्रादेशिक उपमहासचिवमा वसन्त काफ्ले (कोशी), राजकुमार कार्की (मधेस), उत्तम भट्टराई (वाग्मती), चिरञ्जीवी पाण्डे (लुम्बिनी), सुरेन्द्रप्रसाद अवस्थी (सुदूरपश्चिम) र सचिव रमेश कामत, कोषाध्यक्ष मीनराज पनेरूसमेत निर्विरोध निर्वाचित भएका सङ्घका निवर्तमान अध्यक्ष अजयकुमार राईले बताए ।

## नर्सिङ क्याम्पसमा विवाद बढ्दो

प्रस, वीरगंज, २७ चैत⁄
चिकित्साशास्त्र अध्ययन संस्थान वीरगंज नर्सिङ क्याम्पसमा स्ववियु निर्वाचनदेखि शुरू भएको विवाद अहिलेसम्म मत्थर हुन सकेको छैन ।

यही चैत ५ गते नर्सिङ क्याम्पसमा स्ववियु निर्वाचन सम्पन्न भएको थियो । चुनावमा अखिल पक्ष जितेपछि नेविसङ्घले मतगणनाको केही घण्टापछि क्याम्पसमा तालाबन्दी गरेको थियो । नेविसङ्घले क्याम्पस प्रमुख जमुना भट्टराईले चुनावको आचारसंहिता लागू हुँदा राति होस्टेलमा प्रवेश गरेर आचारसंहिताको उल्लङ्घन गरेको र अखिलको पक्षमा मत मागेको जस्ता आरोप लगाएको थियो । सोही बखतदेखि यससम्बन्धी विवाद चुलिएको थियो ।

क्याम्पस प्रशासन, स्ववियु र अखिलको बैठक यस अवधिमा पटक–पटक बसे पनि सार्थक परिणाम निस्किन सकेको थिएन । यसैबीच, क्याम्पस प्रमुख भट्टराईले अखिल पक्षधर विद्यार्थीहरू जम्मा गरेर आफ्नो कक्षमा लगाएको


छात्रामाथि हातपात गर्दै क्याम्पस प्रमुख भट्टराई । तस्वीर: प्रतीक


ताला तोडेको र नेविसङ्घको विज्ञप्ति च्यातेको भन्दै नेविसङ्घ पक्षधरले हिजो आइतवार राति क्याम्पसमा विवाद गरेका थिए । विवादको क्रममा क्याम्पस प्रमुखले नेविसङ्घका केही विद्यार्थीहरूमाथि हातपात र दुर्व्यवहार गरेकी थिइन् ।

## जनप्रतिनिधि, शिक्षकलाई सामुदायिक विद्यालयमा अध्ययन गराउन आह्वान

प्रस, ठोरी, २७ चैत⁄
ठोरी गाउँपालिकाले यस शैक्षिकसत्रमा पनि जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यालय कर्मचारी तथा बालविकास सहजकर्ताहरूलाई आआफ्नो बालबालिकालाई सामुदायिक विद्यालयमा अध्ययन गराउन आह्वान गरेको छ ।

ठोरी गापाका प्रमुख प्रशासकीय अधिकृत कृष्णलाल श्रेष्ठले गापाको यस वर्षको नीति तथा कार्यक्रममा सो कुरा उल्लेख भए अनुसार उल्लिखित सबै पक्षलाई आआफ्नो बालबालिका यो शैक्षिकसत्रदेखि सामुदायिक विद्यालयमा भर्ना गराएर पठनपाठन गराउन आग्रह गरेका छन् ।

ठोरी गापाका अध्यक्ष लालबहादुर श्रेष्ठले आफूअघिका गापा अध्यक्षले पनि यो अभियान चलाएको तर सार्थक नभएको भन्दै यस वर्षको नीति तथा कार्यक्रममा पनि जनप्रतिनिधि, कर्मचारी, शिक्षक, बालविकास सहजकर्ताका बालबालिकालाई सामुदायिक विद्यालयमा भर्ना गर्न अनुरोध


तस्वीर: प्रतीक

गरिएको बताए । उनले यो अभियान सार्थक बनाउनको लागि गापाले सचेतनामूलक कार्यक्रम, सरोकारवालाहरूसँग छलफल, अन्तर्क्रिया गर्ने बताए । सामुदायिक विद्यालयहरूमा शैक्षिक स्तरोन्नति भइरहेको र सबै पक्षका बालबालिकाहरू सामुदायिक विद्यालयमा अध्ययन गर्ने हो भने आकर्षण झनै बढ्ने बताए । उनले जनप्रतिनिधि, कर्मचारी, शिक्षकहरूले आफ्ना बालबालिका निजी विद्यालयमा पढाउने गरेकाले सामुदायिक विद्यालयप्रतिको आकर्षण घटिरहेको बताए । सस्तोमा शिक्षा पाउने र आर्थिक तनाव पनि नहुने हुँदा सामुदायिक विद्यालयमा अध्ययन गराउन सरोकारवालाहरूसँग उनले आग्रह गरेका छन् ।

## प्रमुख प्रशासकीय अधिकृत गुप्ताविरुद्ध विशेष अदालतमा मुद्दा

प्रस, रौतहट, २७ चैत⁄
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ईशनाथ नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत नन्दकिशोर गुप्ताविरुद्ध विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको जनाएको छ ।

गुप्ताले गैरकानूनीरूपमा सम्पत्ति आर्जन गरेको उजूरी सम्बन्धमा अनुसन्धान गर्दा उनले २०५१ सालमा जागीर शुरू गरेदेखि २०७९ जेठसम्मको अवधिमा आर्जन गरेको सम्पत्तिभन्दा स्रोत नखुलेको सम्पत्ति करीब डेढ करोड बढी देखिएको भन्दै अख्तियारले आरोपपत्र दायर गरेको जनाएको छ । अख्तियारले गुप्ताले आर्जन गरेको करीब डेढ करोड सम्पत्ति पदको दुरुपयोग गरी जम्मा गरेको भन्ने आरोप लगाएको छ ।

उनलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को



तस्वीर: फाइल

उपदफा (१) बमोजिमको कसूर गरेकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम कैद तथा जरिवाना सजायको लागि माग गरेको छ ।

आयोगले गुप्ता र निजकी पत्नी उषा गुप्तालाई प्रतिवादी बनाउँदै हिजो विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको अख्तियारका प्रवक्ता भोला दाहालले बताएका छन् ।

विचारसार र सुक्तिहरू

**संसारमा कुनै काम यस्तो छैन, जुन लगनपूर्ण पुरुषार्थका बलमा सम्पन्न गर्न नसकियोस् ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# कसलाई विश्वास गर्ने ?

**राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद ढाकाकुमार श्रेष्ठको अडियो प्रकरण चर्चामा छ । उनले पार्टी अध्यक्ष रवि लामिछानेको कोर टीमलाई आफूले बुझाउनुपर्ने भन्दै मेडिकल व्यवसायी दुर्गा प्रसाईंसँग दुई करोड रुपैयाँ माग गरेको अडियो सार्वजनिक भएको हो । श्रेष्ठ रास्वपाबाट समानुपातिकतर्फ प्रतिनिधिसभा सदस्य हुन् । समानुपातिकतर्फ १३ जनामध्ये प्राथमिकतामा परेका र आदिवासी जनजातितर्फका तीनजनामध्ये श्रेष्ठ पार्टीको पहिलो रोजाइमा परेका सांसद हुन् । प्रचण्ड नेतृत्वको सरकार गठन हुने क्रममा एमालेसहितको तत्कालीन सत्ता गठबन्धनमा सहभागी रास्वपाले स्वास्थ्य मन्त्रालय पाउने र स्वास्थ्यमन्त्रीको जिम्मेवारी श्रेष्ठले पाउने, त्यसको लागि पार्टीको कोर टीमलाई अढाई करोड रुपैयाँ बुझाउनुपर्ने उक्त अडियो संवादमा भनिएको छ । सोही रकम बुझाउन उनले व्यवसायी प्रसाईंसँग रकम माग गरेका थिए । मन्त्री बनेपछि प्रसाईंको व्यवसायका लागि काम गरिदिने र मन्त्रालयका अन्य काम प्रसाईंसँग मिलेर गर्ने श्रेष्ठले प्रतिबद्धता जाहेर गरेको सुनिन्छ ।**

**संवाद सार्वजनिक भएलगत्तै सांसद श्रेष्ठलाई रास्वपाले साधारण सदस्यसमेत नरहने गरी निलम्बन गरेर छानबीन थालेको छ । रास्वपाले उक्त प्रकरणलाई लिएर प्रतिनिधिसभामा माफी मागेको छ । क्षमायाचना माग्दै सो पार्टीका प्रमुख सचेतकले यस्तो घटना पहिलो भने नभएको बताएका छन् । मुख्यतः संवाद सांसद श्रेष्ठको हो कि होइन ? यकीन हुनुपर्छ । उनकै हो भने अनुसन्धानको दायरा फराकिलो बनाइनुपर्छ । सांसद पद संवैधानिक र सार्वजनिक पद हो । यससँग सम्पूर्ण सांसद, संसदीय व्यवस्था र मुलुकको गरिमा जोडिएको हुन्छ । यसर्थ संसद्बाटै यसको छानबीन जरुरी छ । सञ्चारमाध्यममा सार्वजनिक समाचार अनुसन्धानकर्ता निकायहरूका लागि लिखित निवेदन सरह मान्यता राख्छ । उसो हो भने अख्तियारले पनि छानबीनको दायरामा ल्याउनुपर्छ । छानबीनको दायरामा व्यवसायी प्रसाईं, रास्वपाका कोर टीम र अध्यक्ष लामिछानेसमेत पर्न सक्छन् ।**

**चुनावमा पार्टीको टिकट पाउन, समानुपातिक सांसदमा पर्न र मन्त्री पद पाउन रकमको ठूलै चलखेल हुन्छ भन्ने कुरा यसअघि पनि पटकपटक आरोप लाग्दै आएको हो । पूर्वमन्त्रीहरूले समेत यस्ता अभिव्यक्ति दिने गरेका छन् । यसैले त पुरानाहरूप्रति मतदातामा वितृष्णा बढ्दै गएर विकल्पको खोजी भएको हो । पुरानाले गरेका थिए, नयाँले लाज छोप्न खोज्ने हो भने नयाँ र पुरानामा फरक के ? स्थापनाको एक वर्ष नपुगेको पार्टीलाई पुराना, घागडान दलहरूको अगाडि चुनौती दिंदै संसद्मा चौथो शक्तिको रूपमा मतदाताले उभ्याएका हुन् । रास्वपाका नयाँ अनुहारप्रति युवादेखि ज्येष्ठ नागरिकसम्मको झुकाव बढ्दो थियो । हुनत सत्तामा जान र मन्त्री पदकै लागि मरिहत्ते गर्दा रास्वपाका नेताहरूलाई मतदाताले खबरदारी गरेका हुन् । जे गरे पनि सही भन्ने मौकापरस्त प्रवृत्तिका केही नेता, कार्यकर्ताहरू जुन पार्टीमा पनि हुन्छन्, रास्वपामा पनि छन् । तर मन्त्री पदमा रहँदा भन्दा नागरिकको बीचमा रहँदा दलहरूले जनाधार बलियो बनाउन सकेको कुरा ध्रुवसत्य हो । पछिल्लो घटनाले मतदातामा निराशा छाउन सक्छ, कसलाई विश्वास गर्ने ? प्रश्न जन्मन सक्छ । यसर्थ रास्वपा र सो पार्टीका अध्यक्षले काइदा, कानून र राजनीतिक जवाफभन्दा पनि नागरिकलाई चित्तबुझ्दो जवाफ दिन सक्नुपर्छ ।**

# शक्तिराष्ट्रहरूको नेपालमा गिद्धेदृष्टि

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला
A Phd scholar
rajendrakoirala20@gmail.com


**अब नेपाली नेतृत्वको काँधमा जिम्मेवारी छ कि यदि सबै ठूला शक्तिलाई समान सामूहिक आवाजका साथ कुशलतापूर्वक सन्तुलनमा राख्न सक्यो भने त्यसले नेपालमा गरीबी र अस्थिरताको दुष्चक्रबाट बाहिर निस्कने प्रशस्त अवसरहरू ल्याउनेछ ।**

तत्कालीन अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनले सन् १९७० को दशकमा कम्युनिज्मलाई ध्वस्त पार्ने प्रयास र गाँजामाथि पूर्ण प्रतिबन्ध लगाएपछि नेपालमा हिप्पी संस्कारले यहाँको सामाजिक जनजीवन नै ध्वस्त पार्‍यो । राष्ट्रपति निक्सनले लागूऔषधविरुद्धको अन्तर्राष्ट्रिय युद्धको घोषणा गरेको दुई वर्षपछि उपराष्ट्रपति स्पिरो अग्न्युले नेपाल भ्रमण गरे । त्यसको महीनौंपछि नेपालले लागूऔषधविरुद्धको पहिलो कानून बनायो । गाँजामा प्रतिबन्ध लगाइएपछि जीविकोपार्जनका लागि गाँजाको खेती र बिक्री–वितरणमा भर परेका नेपालको पश्चिमी पहाडी क्षेत्रको जनता गरीबीको चरम चक्रव्यूहमा फस्यो र स्थानीय अर्थतन्त्र धराशयी भयो ।

नेपालको दुर्गम क्षेत्रका आर्थिक कठिनाइले सरकारविरुद्ध लडिरहेका माओवादीलाई ती गरीब जनता ठूलो स्रोत बन्यो । बढ्दो गरीबीका कारण ती क्षेत्रका बहुसङ्ख्यक जनताले सन् १९९६ देखि दश वर्षसम्म क्रान्तिको हिस्सा बनेर राजतन्त्र हटाउन र राजनीतिक व्यवस्था परिवर्तन गर्न माओवादीलाई साथ दियो ।

गाँजा र साम्यवादलाई रोक्नको लागि संयुक्त राज्य अमेरिकाको रणनीति व्यर्थ भयो र नेपालमा कम्युनिस्ट प्रहार भयो । माओवादी द्वन्द्वकालमा हजारौं नेपालीले राजनीतिक प्रलोभनमा अमेरिकामा शरणका लागि निवेदन दिए । हाल माओवादी क्रान्तिका कमान्डर पुष्पकमल दाहाल (नेकपा माओवादी केन्द्र) नेपालको फेरि प्रधानमन्त्री बनेका छन् ।

सन् २००८ मा राजतन्त्रको उन्मूलन पछि नेपालमा कम्युनिस्ट पार्टीहरूले नेपाली काङ्ग्रेस र अन्य लोकतान्त्रिक शक्तिहरूको बलियो दाबेदारको रूपमा धेरै कम्युनिस्ट पार्टी गठन गरेर राजनीतिमा खुला र व्यापकरूपमा भाग लिन थाले । पहिले उनीहरू मूलधारको राष्ट्रिय राजनीतिमा प्रमुख खेलाडी थिए र त्यति बेलासम्म नेपालमा भारतको बलियो पकड थियो । तर नेपालमा कम्युनिस्ट पार्टीको अचानक वृद्धि र अमेरिकाप्रतिको बढ्दो चासोपछि चीन पनि नेपालमा तीव्र गतिमा सक्रिय हुँदै गयो ।

भारत र चीन (दुई ढुङ्गा)दुई देशबीचको नेपाल (तरुल) एक परिधीय देश हो । यसको मुख्य स्थान यसका छिमेकीहरू र पश्चिमी देशहरू, विशेषगरी अमेरिकाका लागि रणनीतिक महत्त्वको विषय भएको छ । चीनले नेपालमा तिब्बती शरणार्थीहरूलाई पश्चिमी देशहरूले समर्थन गरेका गतिविधिलाई लिएर चिन्ता व्यक्त गर्छ । नेपालमा करीब २० हजार तिब्बती शरणार्थी बसोबास गर्दै आएका छन् । नेपालको रणनीतिक महत्त्वका कारण पछिल्ला दिनमा अमेरिकाको नेपालमा चासो निकै बढेको छ । यसबाहेक चीनको बढ्दो प्रभाव, उसको बढ्दो लगानी र कम्युनिस्ट पार्टीहरूको उदय पनि अमेरिकाको लागि निकै टाउको दुखाइको विषय हुन गएको छ ।

यो सर्वविदित नै छ कि अमेरिका र चीनबीचको सम्बन्ध तनाव र जटिलताहरूले भरिएका छन् । चीनको बढ्दो आर्थिक र सैन्य शक्ति भारत र अमेरिका दुवैका लागि अप्ठ्यारो भएको छ । यसमा कुनै शङ्का छैन कि हाल अमेरिकी राष्ट्रपति जो बाइडेनको चीनप्रतिको नीति डोनाल्ड ट्रम्पको हक्की दृष्टिकोणभन्दा बिल्कुलै विपरीत छ । उनको अमेरिकी सहयोगीहरूसँगको सम्बन्धलाई बलियो बनाएर चीनलाई नियन्त्रणमा राख्ने प्रयास नै रहनेछ । त्यसैले दक्षिण एशिया क्षेत्रमा अमेरिकाको हिन्द–प्रशान्त रणनीतिमा भारत अग्रपङ्क्तिमा रहेको छ ।

बाराक ओबामाको एशिया–प्रशान्तमा फर्कने रणनीति, जुन २०० वर्षदेखि युरोपमा केन्द्रित थियो, एशियामा सार्दै, पछि रणनीतिक 'पिभोट'को रूपमा दोहोर्‍याइएको थियो । हिन्द–प्रशान्तमा फर्कन अमेरिकाले आफ्नो विश्वव्यापी रणनीति समायोजन गर्नुको पछाडि चीनको बढ्दो उदय नै हो ।

यद्यपि, पछाडि फर्केर हेर्दा चीनको उदयलाई नियन्त्रण गर्न एशिया–प्रशान्तमा पुनः सन्तुलन रणनीतिलाई कम प्रभावकारी भन्न सकिन्छ । वर्तमान सी जिनपिङको युगमा चिनियाँ कम्युनिस्ट पार्टीको संयुक्त राज्य अमेरिकासँगको सम्बन्धको दृष्टिकोण तीन प्रमुख सिद्धान्तसहितको ठूलो शक्ति कूटनीति मोडेलमा आधारित छ– न कुनै टकराव, पारस्परिक सम्मान र सबैसँग सहयोग र सहकार्य । यस दृष्टिकोणमा असल सम्बन्धको लागि एक शर्त भनेको दुवै पक्षले एकअर्कासँग मिल्दो रणनीतिक आकाङ्क्षाहरू बनाउन एकअर्काका आधारभूत कुराहरूलाई सम्मान गर्नुपर्छ । सीले चीनको विदेश नीतिमा आधारभूत सोचलाई प्राथमिकता दिएको पाइन्छ अर्थात् चाइनाको स्पष्ट नीति यो हो आफ्नो चालमा आफू हिंड्ने र अरूले पनि उसलाई कुनै छेकबार गर्ने कोशिश नगरोस् ।

राजनीतिक अस्थिरता र राजनीतिक दलहरूमा देखिएका विरोधाभाषी कार्यहरू र सैद्धान्तिक विचारमा देखिएको स्खलन र कुनै बेला पनि कित्ता परिवर्तन गर्ने उच्च आवृत्तिको परिणामस्वरूप महाशक्ति राष्ट्रहरू नेपालमा प्रत्यक्ष संलग्नता र अवलोकनमा बढी चासो राख्छन् । साथै यसले नेपालको स्थिर परराष्ट्र नीति नभएको आभास दिन्छ, जुन नेपालको लागि डरलाग्दो सङ्केत हो ।

नेपालमा बढ्दो अमेरिकी संलग्नताले यो देखाउँछ कि अब अमेरिकाले नयाँ दिल्लीको आँखाको सट्टा आफ्नै आँखाबाट नेपाललाई हेर्न थालेको छ । चीन र अमेरिका दुवैले नेपालमा भारतको एकाधिकार स्थितिलाई धेरै हदसम्म प्रतिस्थापन गरेका छन् । तर भारत अझै पनि नेपालको सबैभन्दा प्रभावशाली मुलुक हो ।

नेपालका ठूला शहरहरूमा करीब १५ लाख भारतीय व्यापार–व्यवसाय गरी बसेका छन् । यो जनसङ्ख्या नेपालमा कुनै पनि गतिविधिलाई प्रभावकारी बनाउन भारतको ठूलो 'सफ्ट पावर' हो ।

त्यसैगरी, नेपालमा ठूला आयोजनामा चीनको ठूलो लगानी पनि नेपाली जनताको समर्थन प्राप्त गर्ने सफ्ट पावर बनेको छ । नेपालमा एकअर्काको सफ्ट पावरलाई लिएर दुवै देशको कुनै न कुनै चासो छ । अमेरिका र भारतबीच नजीकबाट काम गर्ने रणनीतिक गठबन्धन छ । तिनीहरूले भूस्थानीय सहयोगको लागि आधारभूत आदानप्रदान र सहयोग सम्झौतामा हस्ताक्षर गरेका छन् । चीनसँग भारतको बढ्दो तनावका बीच अमेरिकी सशस्त्र सेनाहरूबीच वर्गीकृत भू–स्थानिक गुप्तचर आदानप्रदानको लागि एक प्रमुख रक्षा सम्झौता हो भन्दा कुनै फरक नपर्ला ।

तीन विश्व शक्तिको बलियो चासोका कारण नेपाल विशेषगरी चीनको बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) र अमेरिकाको मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसिसी)लाई स्वीकृति दिएपछि उनीहरूलाई कूटनीतिकरूपमा कसरी सन्तुलनमा राख्ने भन्ने नाजुक अवस्थामा रहेको देखिन्छ । एमसिसी अनुमोदनका क्रममा नेपालले अमेरिका र चीनबीच आन्तरिक तथा बाह्य दबाब र शाब्दिक झडपको अनुभव गरेको थियो ।

अझ भन्नुपर्दा, चीन र अमेरिका दुवैले नेपाललाई आफ्ना रणनीतिक गठबन्धनहरू जस्तै चीनको ग्लोबल सेक्युरिटी इनिसिएटिभ्स (जिएसआई) र अमेरिकाको हिन्द–प्रशान्त रणनीति (आइपिएस)मा साझेदार बन्न प्रस्ताव गरिरहेका छन्, जुन नेपालको लागि नयाँ चिन्ताको विषय बन्न गइरहेको छ । "सबैसँग मित्रता र कसैसँग पनि शत्रुता नगर्ने" नेपालको असंलग्न र तटस्थ परराष्ट्र नीतिको मार्गदर्शक सिद्धान्त हो । नेपाल आफ्नो भूमि कुनै पनि छिमेकी राष्ट्रविरुद्ध प्रयोग हुन नदिने नीतिमा दृढ छ । नेपालको यो रणनीति र प्रतिबद्धताले यसलाई स्वतन्त्र राष्ट्रको रूपमा बाँच्न मदत गरेको छ ।

अहिलेको बदलिएको विश्वव्यापी परिवेशमा वैदेशिक सहायता आर्थिक मात्र नभई राजनीतिक र रणनीतिक भएको छ । बाह्य कारकहरूभन्दा सुव्यवस्थित स्वदेशी स्रोत र स्थायित्वसहित राष्ट्रिय हितको पक्षमा आन्तरिक खेलाडीहरूको बलियो कूटनीतिक क्षमताको प्रदर्शनी अहिलेको आवश्यकता हो । अरूलाई केही भन्नुभन्दा आफ्नो साँचो बलियो राख्न सक्नु नै देशको हितमा हुनेछ ।

अन्ततः बाह्य सम्बन्ध र राष्ट्रिय हितका विषयमा सहमति नभएकाले नेपाली नेतृत्वलाई आन्तरिक मामिलामा बाह्य हस्तक्षेपको सामना गर्न कठिनाइ भइरहेको छ । अब नेपाली नेतृत्वको काँधमा जिम्मेवारी छ कि यदि सबै ठूला शक्तिलाई समान सामूहिक आवाजका साथ कुशलतापूर्वक सन्तुलनमा राख्न सक्यो भने त्यसले नेपालमा गरीबी र अस्थिरताको दुष्चक्रबाट बाहिर निस्कने प्रशस्त अवसरहरू ल्याउनेछ । यसका साथै विकासका लागि अधिकतम स्रोत जुटाउन प्रविधि, लगानी, वैदेशिक सहायता र अन्य सम्पदा पनि ल्याउनेछ । यसको ठीक उल्टो, यसलाई सन्तुलित ढङ्गले व्यवस्थापन गर्न सकिएन भने यसले प्रतिकूल अवस्था सिर्जना गर्न सक्छ र देश एउटा डरलाग्दो दुष्चक्रमा फस्नेछ ।

# अमृतपाललाई खोज्न भारतीय सुरक्षाकर्मी नेपाल आउनु आपत्तिजनक

काठमाडौं, २७ चैत/रासस

नेकपा (एमाले)का सांसद रघुजी पन्तले अमृतपाल सिंहको खोजबिनका लागि भारतीय सुरक्षाकर्मी नेपाल आउनुले नेपालको सुरक्षा संयन्त्रमाथि अविश्वास पैदा गरेको बताएका छन् ।

प्रतिनिधिसभाको सोमवारको बैठकको आकस्मिक समयमा उनले नेपालमा प्रवेश गरेको भनिएका सिंहलाई नेपालको सुरक्षा निकायले पत्ता लगाउन नसकेपछि बाँकेको जमुनाह नाका भएर भारतीय सुरक्षाकर्मी नेपाल प्रवेश गर्नु आपत्तिजनक भएको बताए ।

सांसद पन्तले भने, "कुनै पनि बाह्य देशका सुरक्षाकर्मीलाई नेपालको कुनै पनि कानूनले नेपालभित्र पसेर यसरी खोजबिन गर्ने अधिकार दिएको छैन । नेपाल स्वतन्त्र र सार्वभौम देश हो, यसले आफ्नो आत्मनिर्णयको अधिकार आफैं प्रयोग गर्छ ।" उनले नेपाल–भारत खुला सिमाना अपराधको अखडा भएको भन्दै सीमा नियन्त्रण गर्ने र बाह्य हस्तक्षेप रोक्न सरकारको ध्यानाकर्षण गराए ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सन्तोष परियारले पार्टीतर्फका सांसद ढाकाकुमार श्रेष्ठको विवादास्पद टेलिफोन संवादबारे पार्टीले छानबीन गरिरहेको जानकारी दिए । "छानबीनको अवधि पूरा नभएसम्म पार्टीको साधारण सदस्य र सांसदका रूपमा कुनै भूमिका गर्न नगराउन पार्टीले निर्देशन दिइसकेको छ । हामी बैठक बसिरहँदा सम्भवतः उनको स्पष्टीकरण आइसक्यो होला," सांसद परियारले भने ।

नेपाली काङ्ग्रेसका सांसद धनराज गुरुङले रास्वपाका सांसद श्रेष्ठको विवादास्पद टेलिफोन संवादबारे प्रतिनिधिसभाभित्रै समिति बनाएर छानबीन गर्न माग राखे । उनले भने, "आजकै दिनमा यही बैठकबाट संसदीय समिति बनाएर यो घटनाको निष्पक्ष छानबीन गर्न माग गर्दछु ।"

सांसद गुरुङले नेपाली नागरिकलाई भूटानी शरणार्थी बनाएर अमेरिका पठाउने आश्वासनमा ठगी गर्नेलाई समेत तत्काल छानबीन र दोषीलाई कारबाई गर्न माग गरे ।



तस्वीर: एजेन्सी

नेपाल मजदूर किसान पार्टीका सांसद प्रेम सुवालले रास्वपाका सांसद श्रेष्ठको विवादास्पद टेलिफोन रेकर्डबारे गठबन्धनका नेताहरू जवाफदेही हुनुपर्ने बताए । उनले भने, "गठबन्धन सरकारले सिंहदरबारलाई भ्रष्टाचारको अखडा बनाउन खोजेको हो र ? गठबन्धनका नेताहरूले यस संसदमा यसबारे बोल्नुपर्छ ।"

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४८

# लघु बीमा निर्देशन जारी

काठमाडौं, २७ चैत/रासस

निर्जीवनतर्फ रु ५० लाख र जीवनतर्फ रु पाँच लाखसम्मको बीमा गर्न सकिने पनि तोकिएको छ। घर, सम्पत्ति तथा व्यवसाय र सवारीसाधनको रु ५० लाखसम्मको लघु बीमा गर्न सकिनेछ।



तस्वीर: फाइल

गरी लघु बीमा निर्देशन, २०७९ जारी भएको छ।

बीमालेख अवधि, बीमा शुल्क, लघु बीमाले समेट्ने व्यवसायलगायत प्रावधानहरू समेटेर नेपाल बीमा प्राधिकरणले निर्देशन जारी गरेको हो। निर्देशन अनुसार लघु जीवन बीमा अन्तर्गत आवधिक लघु जीवन बीमा, सावधिक लघु जीवन बीमा, म्यादी लघु जीवन बीमा र अन्य लघु जीवन बीमा रहेका छन्।

त्यस्तै, निर्जीवन बीमातर्फ घर, सम्पत्ति तथा व्यवसाय, सवारी, इन्जिनीयरिङ, दायित्व तथा मौद्रिक क्षति र अन्य लघु निर्जीवन बीमा गर्न पाइनेछ।

प्राधिकरणले लघु बीमाका लागि बीमालेखको अवधि पनि तोकेको छ। जीवन लघु बीमालेखको हकमा एक वर्ष वा सोभन्दा बढी अवधिको मात्रै बीमालेख जारी गर्न पाइनेछ। निर्जीवन लघु बीमाको हकमा भने एक वर्ष वा सोभन्दा कम अवधिका लागि मात्र बीमालेख जारी गर्न सकिनेछ।

निर्देशनमार्फत लघु बीमाको सीमा दायित्व तथा मौद्रिक क्षतिको र अन्य लघु बीमाका लागि अधिकतम रु पाँच लाखसम्मको लघु बीमा गर्न पाइनेछ।

त्यस्तै, जीवन बीमा कम्पनीले अधिकतम रु पाँच लाखसम्मको बीमाङ्क भएको लघु बीमा मात्रै जारी गर्न पाउनेछन्।

लघु बीमा कम्पनीहरूले टेलिकम, इन्टरनेट सेवाप्रदायक, भुक्तानी सेवाप्रदायक, स्टोर, होटल, रेस्टुरेन्टलगायत आपूर्ति शृङ्खलामा आबद्ध सङ्घसंस्थासँग सहकार्य गरी लघु बीमा जारी गर्न सक्ने व्यवस्था पनि निर्देशनमा राखिएका छन्।

लघु बीमा व्यवसायको विकास, प्रवर्द्धन तथा व्यवस्थापनमार्फत न्यून आय भएका व्यक्ति तथा सम्पत्तिको सुरक्षाका लागि प्राधिकरणले यो निर्देशन कार्यान्वयनमा ल्याएको हो। गरीब, न्यून आय भएका वर्ग, पिछडिएका क्षेत्रका बासिन्दा, सीमान्तकृत समूहका लागि लक्षित गरी प्राधिकरणले लघु बीमासम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याएको हो।

# वर्ष २०७९ : 'संसदीय अभ्यास उत्साहवर्द्धक होइन सन्तोषजनक'

–नारायण न्यौपाने

काठमाडौं, २७ चैत/रासस

मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरे पनि पर्याप्त अभ्यास र अनुभव नभएका कारण संसदीय उपलब्धिका हिसाबले यो वर्ष पनि उत्साहपूर्ण नभई सन्तोषजनकमैं सीमित रहन पुगेको छ।

तत्कालीन सत्तापक्ष र प्रतिपक्षबीच चुनावबारेमा आआफ्नै अडान र अविश्वासको वातावरणबीच सहजरूपमा निर्वाचन सम्पन्न भई मुलुक नयाँ कोर्षमा अघि बढ्नुलाई भने महत्त्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ। स्थानीय तहदेखि राष्ट्रपतिसम्मका सबै चुनाव यसै वर्ष सम्पन्न भएकाले निर्वाचनका हिसाबले यो वर्ष निकै महत्त्वपूर्ण रह्यो।

यस अवधिमा सदनले आफ्नो कार्यकाल टुङ्गो लगाउन नसकेपछि सर्वोच्च अदालतले त्यससम्बन्धी विषयलाई व्याख्या गरी स्पष्ट पार्नुपर्ने परिस्थिति भयो। संसदीय अभ्यासमा महत्त्वपूर्ण मानिने संसद्बाट पारित भई सभामुखले प्रमाणित गरेर पठाएका विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण हुन सकेन। जुन घटनाले वर्षभर नै महत्त्वका साथ चर्चा परिचर्चा पाइरह्यो।

मुलुकमा राजनीतिक व्यवस्था परिवर्तनसँगै एक वर्षभित्र टुङ्ग्याउने भनी हस्ताक्षर गरिएका सङ्क्रमणकालीन न्याय र सत्यनिरूपण जस्ता विषय यो वर्ष पनि थाँती नै रहे। जुन मुद्दा निर्वाचनमा मात्र नभई सरकार गठन र फेरबदल गर्ने हतियारकै रूपमा अझै पनि प्रमुखरूपमा उठाइँदै आएको छ।

मुलुकका प्रमुख राजनीतिक दलका शीर्ष नेताबीचमा हार्दिकता र कमजोर विश्वासको प्रतिफलका रूपमा वर्ष प्रारम्भमैं आरोप–प्रत्यारोप, नारा, जुलुस र संसद्का बैठक अवरुद्धको चक्र चलि


प्रतिनिधिसभा। तस्वीर: रासस

नै रह्यो। सरकार र संसद्बीच सुमधुर सम्बन्ध स्थापित हुनुपर्नेमा त्यो नभई तिक्तताको वातावरणले सदनले समयमा काम गर्न सकेन। फलस्वरूप प्रतिनिधिसभाको कार्यकाल समाप्त भएसँगै धेरै सङ्ख्यामा विधेयक निष्क्रिय बन्न पुगे।

वर्षभर नै संसदीय महत्त्व र चर्चाको सूचीमा तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणाविरुद्धको महाभियोगको प्रस्ताव अग्रभागमा रहन पुग्यो। महाभियोगसम्बन्धी प्रस्तावको निर्णयका लागि बनेको संसदीय समिति दुई भागमा विभाजित भयो। संसद् सचिवालयका महासचिवसमेत सर्वोच्च अदालतमा पठाएको पत्रका कारण विवादमा अल्झनुपर्‍यो।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले धेरै दलको अपेक्षा नराखेको भएपनि मुलुकमा देखिएको अस्थिरता र दलबीच तिक्तताका कारण मतदाताले ठूलालाई सचेत तुल्याउँदै केही नयाँ दललाई सदनमा प्रवेश गराएका छन्। निर्वाचनको परिणामस्वरूप मुलुकका स्थापित भनिएका दलले आफ्नो वर्चस्व र सदनमा केही सिट गुमाएको अवस्था छ। चुनावी परिणामले नयाँ प्रवेशीलाई आफ्ना मुद्दा स्थापित गर्ने अवसर प्रदान गरेको छ।

प्रतिनिधिसभाको गत निर्वाचनमार्फत १३ राजनीतिक दलले सङ्घीय संसद्मा प्रवेश पाएका छन्। चुनावी यो परिणामले गठबन्धनको संस्कृतिलाई निरन्तरता प्रदान गरे पनि स्थिरताभन्दा अस्थिरता निम्त्याउने हो कि भन्ने संशय खडा गरेको छ।

सरकार गठनका लागि खडा हुने गठबन्धन वैचारिक आधारमा नभई तत्कालीन राजनीति निकासका लागि भने महत्त्वपूर्ण घटना साबित हुँदै आएको छ।

नेकपा (एमाले)का सचिव गोकर्ण विष्टले नयाँ संसद् भएकाले उत्साहपूर्वक सहभागिता हुनुपर्नेमा त्यसो नदेखिएको प्रतिक्रिया दिए। उनले भने, "सदनलाई प्रभावकारी तुल्याउन सरकारमा भर पर्छ, सरकारले बिजनेस दिनुपर्छ, त्यो भएन, उठाइएका मुद्दा सुनुवाइ र सम्बोधनमा कमी देखियो, नियमावली र समिति बनाउन ढिला गरियो, त्यसैले संसद् प्रभावकारी हुन सकेन।"

नागरिक उन्मुक्ति पार्टीका प्रमुख सचेतक गङ्गाराम चौधरीले राष्ट्रपति, प्रधानमन्त्री, सभामुख र उपसभामुखको निर्वाचनमा धेरै समय खर्चनुपरेकाले अपेक्षाकृतरूपमा सदन प्रभावकारी हुन नसकेको प्रतिक्रिया दिए। उनले भने, "सदनमा उठाइएका विषयवस्तुलाई सरकारका मन्त्रीहरूले समयमैं सम्बोधन गर्न आवश्यक छ, त्यो गर्नुपर्छ, समग्रमा सदन ठीकै ढङ्गबाट अगाडि बढ्दैछ।"

सभामुखको निर्वाचन विगतमा प्रमुख दलबीच सहमतिमा गर्ने परम्परालाई तोडेर यसपटक लोकतान्त्रिक अभ्यासबाट प्रतिस्पर्धाका आधारमा चयन भयो। मुलुकमा राजनीतिक अस्थिरताको झल्को सरकार र संसद्बीच मात्र नभई संसद्का नेतृत्वबीचमैं पनि यो वर्ष एकखाले तिक्तता देखियो।

संसद्को निर्वाचन सकिएको लामो समय भएपनि संसदीय अभ्यासमा निकै महत्त्वपूर्ण मानिने 'मिनी पार्लियामेन्ट'का रूपमा रहेका विषयगत समिति गठनमा अझै ढिलाइ भएको छ।

नेकपा (माओवादी केन्द्र)का सांसद माधव सापकोटाले नियमितरूपमा हेर्ने हो भने उत्साहित हुने अवस्था नरहेको बताए। "यसले आफैंले बिजनेस सिर्जना गर्न सकेन, सरकारको प्रयत्न सङ्क्रमणकालीन न्यायका विषय टुङ्ग्याउनेमा केन्द्रित रह्यो, सरकार गठन र राजनीतिक गठबन्धनको असर संसद्मा पनि स्वाभाविकरूपले पर्‍यो। जुन तीव्रता र गतिमा काम गर्नुपर्थ्यो त्यति गर्न सकेन," उनले भने।

विषयगत समिति निर्माण नभएका कारण कानून निर्माण र छलफलका विषय ओझेलमा परेका छन्। प्रतिनिधिसभाको कार्यकाल समाप्त भएसँगै अघिल्लो सदनमा प्रवेश पाई विभिन्न चरणमा रहेका २७ वटा विधेयक निष्क्रिय भए। सत्तासमीकरणमा आएको फेरबदलसँगै तीन महीनामैं प्रधानमन्त्रीले दुईपटक विश्वासको मत लिनुपर्ने बाध्यात्मक परिस्थितिसमेत पर्न गयो।

मुलुकका प्रमुख राजनीतिक दलबीच नै यस अवधिमा ठूलो अविश्वास र विश्वासको वातावरण कमजोर रह्यो। चुनावी परिणामपछि प्रभावकारी हुने अपेक्षा गरिएको सङ्घीय संसद्का प्रारम्भिक बैठकमैं 'कोरम'को समस्या देखियो। बैठकले सुरुआती दिनदेखि नै आवश्यक उपस्थित सङ्ख्या अभावको सङ्कट झेल्नुपर्‍यो।

केही वर्षदेखि प्राथमिकताका साथ आवाज उठिरहेको निजामती विधेयक पारित हुन सकेन। प्रदेश प्रहरी समायोजन विधेयक पारित हुन नसक्नुलाई सङ्घीय संसद् र सरकारको कमजोरीका रूपमा हेरिएको छ। मुलुकको संसदीय इतिहासमा यसअघि तीनवटा गैरसरकारी विधेयक पास भएकामा २०५४ सालयता गैरसरकारी विधेयकका रूपमा यस वर्ष पहिलोपटक राष्ट्रिय मर्यादा क्रमसम्बन्धी विधेयकले प्रवेश पाएको छ।

सङ्घीय संसद् सञ्चालनसम्बन्धी नियमावलीमा आमूल परिवर्तन गरी तर्जुमा गरिएको छ। त्यसमा सदनलाई 'क्यालेन्डर'का आधारमा चलाउनुपर्छ भन्ने प्रणाली स्थापित गर्नुपर्नेमा त्यो हुन सकेन।

संसद्को बैठक प्रारम्भ भएको घोषणा गर्नासाथ सांसद विशेषले तत्काल सदनलाई जानकारी गराउन आवश्यक देखिएका विषयमा ढचापढचापे समयको अभ्यासलाई 'आकम्मिक' समयको नाम दिई नयाँ कार्यसूची बनाइएको छ।

प्रतिनिधिसभाको १२औं अधिवेशन गत जेठ ३ गते शुरू भई १२४ दिन चालू रहेकामा ४४ दिनमा ५८ बैठक बसी ५६ घण्टा ५२ मिनेट समय खास कार्यका लागि खर्चेर असोज १ गते समाप्त भयो। १३औं अधिवेशन भने गत पुस २५ गते शुरू भई हालसम्म चालू छ।

देश र जनहितविपरीत सत्ता र प्रतिपक्षको निरन्तर फेरबदल भएका अवस्थामा पनि तत्कालै सहमति र सहकार्य गर्न सक्ने राजनीतिक दलको चरित्रले संसदीय अभ्यासलाई रोचक मात्र नभई जिम्मेवार पनि बनाउँदै लगेको पुष्टि गरेको छ।

# नेप्सेमा सामान्य अङ्कको सुधार




काठमाडौं, २७ चैत/रासस

यो साता कारोबारको पहिलो दिन उच्च अङ्कले घटेको पूँजीबजारमा सोमवार दोस्रो दिन भने सामान्य अङ्कको सुधार देखिएको छ। नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक आज पाँच दशमलव ५४ अङ्कले बढेर एक हजार ८४४ दशमलव ०२ अङ्कमा कायम भएको हो। आज २६१ वटा कम्पनीका २९ लाख ६० हजार ८६३ कित्ता शेयर ३५ हजार ५४९ पटक खरीद–बिक्री हुँदा रु ९१ करोड १९ लाख ७६ हजार बराबरको कारोबार भएको छ। आज वित्त समूह एक दशमलव ६३ अङ्कले घटेको छ भने अरू सबै समूहको उपसूचक बढेका छन्। सबैभन्दा धेरै होटल तथा पर्यटन समूहको उपसूचक ५३ दशमलव ५१ र निर्जीवन बीमा समूहको उपसूचक ३१ दशमलव ०६ अङ्कले बढेका छन्। त्यस्तै, बैंकिङ समूह चार दशमलव १३, विकास बैंक समूह १८ दशमलव १५, जलविद्युत् समूह पाँच दशमलव ९६, लगानी समूह शून्य दशमलव ०९ र जीवन बीमा समूह १६ दशमलव १६ अङ्कले बढेका छन्। नेप्सेका अनुसार आज उत्पादन तथा प्रशोधन समूह १४ दशमलव १४, लघुवित्त समूह छ दशमलव ६९, म्युचुअल फन्ड समूह शून्य दशमलव ०८, अन्य समूह शून्य दशमलव ५४ र व्यापार समूह २६ दशमलव ९२ अङ्कले बढेका छन्।

आज सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड र कालिञ्चोक दर्शन लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। शेयर मूल्यमा सबैभन्दा धेरै गिरावट देखिनेमा भने ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा छ दशमलव ५४ प्रतिशतले घटेको छ। कारोबार रकमका आधारमा आज शिवम् सिमेन्ट लिमिटेडको सबैभन्दा धेरै रु छ करोड ८४ लाख १८ हजार ६४३ बराबरको शेयर किनबेच भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सानिमा मिडिल तमोरको दुई लाख छ हजार २४७ कित्ता शेयर किनबेच भएका छन्।


मनाङ चामे–३ कोतोबाट देखिएको अन्नपूर्ण दोस्रो हिमाल र फेदीमा बगेको मर्स्याङ्दी नदी। तस्वीर: रासस

# अश्लील भिडियो देखाउने शिक्षकलाई कैद

काभ्रेपलाञ्चोक, २७ चैत/रासस

छात्रालाई अश्लील सामग्री देखाएको अभियोगमा जिल्ला अदालत काभ्रेपलाञ्चोकले एक शिक्षकलाई कैद र जरिवानाको फैसला गरेको छ।

प्रमुख जिल्ला न्यायाधीश मोहनराज भट्टराईको इजलासले महाभारत गाउँपालिका–३ स्थित सिद्धेश्वर माध्यमिक विद्यालयमा कार्यरत शिक्षक देविन्द्रकुमार विष्टलाई एक वर्ष तीन महीना कैद र रु १५ हजार जरिवाना गर्नुका साथै रु चार सय पीडित राहतकोषमा जम्मा गर्न भनेको छ। त्यस्तै, अदालतले पीडित २७ बालबालिकालाई जनही रु १० हजारका दरले क्षतिपूर्ति भराउने फैसला गरेको हो। अनुसन्धानका क्रममा कक्षा ८ मा अध्ययनरत छात्रछात्रालाई विष्टले आफ्नो मोबाइलबाट कक्षाकोठामैं यौनजन्य अश्लील भिडियो देखाएको अभियोग पुष्टि भएको थियो।



यसअघि धरौटीमा रिहा गरिएका विष्ट हाल फरार छन्।

बालयौन दुर्व्यवहार अभियोगमा विष्टलाई अदालतले कैद तथा जरिवानाको फैसला सुनाएको हो। २०७८ फागुन १२ गते भएको उक्त घटनामा संलग्न शिक्षकले पाठ्यक्रमसँग सम्बन्धित सामग्री विद्यार्थीलाई देखाएको बयान दिएका थिए।

जिल्ला प्रहरी कार्यालय, धुलिखेलले फरार शिक्षक विष्टको खोजी भइरहेको जनाएको छ।

# लिङ्ग पहिचानको असर जनगणनामा

–शरद् शर्मा

काठमाडौं, २७ चैत/रासस

सरकारले सुरक्षित गर्भपतनलाई कानूनी मान्यता दिएको छ । तर यही कानूनी मान्यताबाट फाइदा उठाउँदै भ्रूण पहिचान गरी छोरी भएमा भ्रूण हत्या गर्ने गरिएको पाइएको छ । गर्भमा नै लिङ्ग पहिचान गर्ने र छोरी भए गर्भपतन गराउने तथा छोरालाई जन्मिन दिने गर्नाले यसको असर राष्ट्रिय जनगणनामा पनि देखिएको हो ।

लिङ्ग पहिचान गरेर छोरीको हत्या गरेपछि नेपालमा छोरी छोराको तुलनामा कम जन्मिने गरेको विभिन्न तथ्याङ्कले देखाएको छ। हालै सार्वजनिक गरिएको राष्ट्रिय जनगणनामा लिङ्ग पहिचान गरेर गरिने गर्भपतनको प्रभाव परेको देखिन्छ। जनगणनामा नेपालमा छोरीभन्दा छोरा बढी जन्मिएको पाइएको छ। समाजमा छोराप्रतिको बढ्दो चाहना र महिलालाई गरिने विभेदपूर्ण व्यवहारका कारणले छोरो जन्माउने गर्छन् ।

जनगणना अनुसार चार लाख १२ हजार ९३५ जना जन्मिएका बच्चामध्ये दुई लाख १८ हजार ७४ जना छोरा (५२.८ प्रतिशत) र एक लाख ९४ हजार ८६१ छोरी (४७.३ प्रतिशत) जन्मिएका छन्। यसरी छोराहरू जन्मिने क्रम बढेको र छोरी घटिरहेका छन् ।

नेपालमा सामान्यता १०५–१०६ जना छोरा जन्मँदा सयजना छोरी जन्मिने गर्छन् । तर त्योभन्दा पनि अस्वाभाविकरूपमा छोराहरूको सङ्ख्या वृद्धि भइरहेका विभिन्न अध्ययनले देखाएको छ। छोरीभन्दा छोरालाई उच्च प्राथमिकता दिने पितृसत्तात्मक मान्यता भएको र सोहीअनुरूप छोरीभन्दा छोरा जन्माउने चाहना राख्ने भएको पाइन्छ।

नेपालमा १२ जिल्लामा गरिएको अध्ययनमा सयजना छोरी जन्मिंदा ११० भन्दा बढी छोरा जन्मिएको देखाइएको छ । तीमध्ये अर्घाखाँची जिल्लामा त १२७ छोराबराबर सय छोरी जन्मिएको अध्ययनमा देखाइएको छ ।

विश्व स्वास्थ्य सङ्गठनको सर्वेक्षण अनुसारमा सामान्यता सयजना छोरी जन्मिंदा १०५ जना छोरा जन्म हुन सक्ने बताएको छ। नेपालमा छोराको सङ्ख्या बढ्नुमा छोराको चाहनामा लिङ्ग पहिचान गरेर छोरीको गर्भपतन गराउनु, प्रजनन दरमा कमी आउनु र प्रविधिको प्रयोगसँगै लिङ्ग पहिचान गरेर गर्भपतन गराउनु रहेको छ । अहिले लिङ्ग पहिचान गर्न सर्वसाधारणको समेत पहुँच रहेको छ।

सुरक्षित मातृत्व तथा प्रजनन अधिकार ऐन २०७५ र मुलुकी (अपराध संहिता) २०७४ ले लिङ्ग पहिचान गरी गर्भपतनलाई निषेध गरिएको छ। ऐनको दफा १७ मा लिङ्ग पहिचान गरी गर्भपतन गर्न नहुने उल्लेख गरिएको छ । कसैले पनि गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान हुने कुनै कार्य गर्न वा गराउन हुँदैन, गर्भवती महिलालाई गर्भको लिङ्ग पहिचान गर्न डर वा त्रास देखाइ वा करकाप गरी वा धम्की दिई वा ललाइफकाइ वा


तस्वीर: सौजन्य

प्रलोभनमा पारी वा अनुचित प्रभाव, झुक्याइ वा जोरजुलुम गरी दबाब दिन वा बाध्य पार्नुहुँदैन भनी उल्लेख गरिएको छ ।

लिङ्ग पहिचान गरी गर्भपतन गराउनलाई मुलुकी (अपराध संहिता) २०७४ को १८८ अनुसार कारबाई गर्ने उल्लेख छ। दफाको उपदफा १ मा कसैले गर्भपतन गर्न वा गर्भपतन गराउने नियतले वा गर्भपतन हुन सक्छ भन्ने जानीजानी वा विश्वासमा गर्नुपर्ने कुनै काम गरी गर्भपतन गराउनुहुँदैन, उपदफा २ मा कसैले गर्भवती महिलालाई करकाप गरी वा धम्की दिई वा ललाइफकाइ वा प्रलोभनमा पारी गर्भपतन गराउन नहुने उल्लेख गरिएको छ ।

यस्तै, दुवै उपदफा अनुसार कसूर गरिएमा १२ हप्तासम्मको गर्भ भए एक वर्ष कैद र रु १० हजार जरिवाना, १२ हप्ताभन्दा बढी २५ हप्ताको गर्भ भए तीन वर्षसम्म कैद र रु ३० हजार जरिवाना र २५ हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्मको कैद र रु ५० हजार जरिवाना तोकिएको छ ।

अध्ययनले सयजना छोरीबराबर भक्तपुरमा १२३ जना छोरा, कास्कीमा ११७ जना छोरा, ललितपुर र पाल्पामा ११४/११४ जना छोरा, काठमाडौं, कञ्चनपुर र रूपन्देहीमा ११३/११३ जना छोरा, गुल्मी र सप्तरीमा १११/१११ जना छोरा तथा झापा र पर्वतमा ११०/११० जना छोरा जन्मिएको अध्ययनले देखाएको छ ।

परोपकार स्त्रीरोग तथा प्रसूति अस्पतालका निर्देशक डा पवनजङ्ग रायमाझीले लिङ्ग पहिचान गरेर गर्भपतन गराउनेलाई कानूनी दायरामा ल्याउनुपर्ने बताउँछन् । "कानूनले मान्यता दिएको अवस्थामा बाहेक गर्भपतन गराउनेलाई कारबाई गर्नुपर्दछ," उनले भने, "सङ्घ, प्रदेश र स्थानीय तहले पनि गर्भपतन गराउनेमाथि नियमन र अनुगमन गर्न आवश्यक रहेको छ ।"

उनले छोराछोरी दुवै समान हुन् भन्ने सचेतना फैलाउन आवश्यक रहेको भन्दै लिङ्ग पहिचान गरेर गर्भपतन गराउन समूहलाई निरुत्साहित गर्नुपर्ने बताए । उनले निजीरूपमा खोलिएका स्वास्थ्य संस्थामा कानूनविपरीत गर्भपतन गराउने सुनिन आएको बताए । त्यस्ता कानूनविपरीत गर्भपतन गराउनलाई निगरानी गर्न आवश्यक रहेको उनको भनाइ छ । डा रायमाझीका अनुसार अस्पतालमा आर्थिक वर्ष २०७८/७९ मा एक हजार दुई सयजनाले सुरक्षित गर्भपतन गराएका छन् ।

गर्भमा रहेको बच्चाको १२ देखि १४ हप्ताको बीचमा लिङ्ग पहिचान गर्न सकिन्छ। सोही आधारमा नै मानिसले गर्भपतन गराउने गर्छन् । गर्भपतनले महिलाले पटकपटक गर्भधारण गर्नुपर्ने बाध्यताले महिला र बच्चाको शारीरिक तथा मानसिक स्वास्थ्यमा नकारात्मक असर पर्नुका साथै महिलाको स्वेच्छाले बच्चा जन्माउन पाउने अधिकारको हनन भई लैङ्गिक हिंसासमेत भोग्नुपरेको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखाका वरिष्ठ कम्युनिटी नर्सिङ अधिकृत सुनालक्ष्मी कर्माचार्यले समाजमा छोरीभन्दा छोरालाई बढी महत्त्व दिनाले छोराको चाहना बढी भएको बताउँछिन् । "हाम्रो समाजमा अझै पनि छोरा नै चाहिन्छ," उनले भनिन्, "गर्भमा नै छोरा वा छोरी छुट्याएर छोरी भए गर्भपतन गराउने गर्छन् । यसले गर्दा छोरीको सङ्ख्यामा कमी आएको हो ।" गर्भमा नै छोरी भएपछि गर्भपतन गराउने भएकाले छोराको सङ्ख्या छोरीको भन्दा बढी भइरहेको छ ।

पहिलो बच्चा जन्मँदा लिङ्ग पहिचान नगरे पनि दोस्रो बच्चा जन्माउँदा लिङ्ग पहिचान गर्ने गरेका छन् । पहिलो बच्चा जन्मँदा फरक हुँदैन । पहिलो बच्चा छोरा छ भने फरक नपर्न सक्छ । तर दोस्रो बच्चामा लिङ्ग पहिचान गर्ने गरेको पाइएको छ । यदि पहिलो बच्चा छोरी छ भने उनीहरूलाई छोराको चाहना हुन्छ। त्यसैले उनीहरूले लिङ्ग पहिचान गर्ने नै देखिएको छ ।

सरकारले सुरक्षित गर्भपतनलाई कानूनी मान्यता दिनका लागि सुरक्षित मातृत्व तथा प्रजनन अधिकार ऐन ल्याएको छ । उक्त ऐनमा दफा १५ मा सुरक्षित गर्भपतन गर्न पाउने व्यवस्था अनुसार विभिन्न पाँचवटा अवस्थामा गर्भपतन गराउन पाइने उल्लेख छ ।

गर्भवती महिलाको मन्जुरीले १२ हप्तासम्मको गर्भ पतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भने चिकित्सकको राय भई त्यस्ता महिलाको मन्जुरीमा २८ हप्तासम्मको गर्भ, जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ २८ हप्तासम्मको गर्भ, रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जीवाणु (एचआइभी) वा त्यस्तै प्रकृतिका अन्य निको नहुने रोग लागेको महिलाको २८ हप्तासम्मका गर्भ पतन गराउने सकिने व्यवस्था रहेको छ ।

यस्तै, भ्रूणमा कमीकमजोरी भएको कारणले गर्भमैं नष्ट हुन सक्ने वा जन्मेर पनि बाँच्न नसक्ने गरी गर्भको भ्रूणमा खराबी रहेको, वंशाणुगत खराबी वा अन्य कुनै कारणले भ्रूणमा अशक्तता हुने अवस्था रहेको भन्ने उपचारमा संलग्न स्वास्थ्यकर्मीको रायले पनि २८ हप्तासम्मको गर्भको गर्भपतन गर्न सकिने उल्लेख गरिएको छ । तर मानिसहरू धेरैजसो गर्भवती महिलाको मन्जुरीले १२ हप्तासम्मको गर्भलाई गर्भपतन गराउने सक्ने व्यवस्थालाई टेकेर धेरै गर्भपतन गराउने गरेको पाइएको छ ।

छोरा जन्माउनकै लागि महिलाले पटकपटक गर्भधारण गर्नुपर्ने बाध्यताले

(बाँकी पाँचौं पातामा)


दाङको बङ्गलाचुली मर्पेसका कमल सुनारले काठका परम्परागत घारमा पालेका माहुरी । माहुरीको मह बिक्री गरेरै जीविकोपार्जन गर्न सकिने उनी बताउँछन् । तस्वीर: रासस

## फरक समाचार

### कहिले शुरू भयो डिजिटल मार्केटिङ

हालको समयमा ४५० बिलियन डलरको डिजिटल मार्केटिङ इन्डस्ट्रिज विश्वको सबैभन्दा तीव्र गतिले उन्नति गर्ने उद्योगमध्ये एउटा हो । डिजिटल मार्केटिङको



सुरुआत सन् १९९० को दशकमा शुरू भएको मानिन्छ, जब कम्प्युटर प्रविधिले तीव्र विकास गऱ्यो र इन्टरनेटको सुरुआत भयो। इन्टरनेट आएपछि इन्टरनेटमा मौजुद लाखौं उपयोगकर्तालाई लक्षित गरेर विज्ञापनलाई डिजिटल माध्यमबाट प्रदर्शित गरिन थालियो । यसैलाई डिजिटल मार्केटिङको सुरुआत मानिन्छ ।

सन् २०२० सम्म यो उद्योग बिस्तारै–बिस्तारै अघि बढ्दै थियो तर त्यसै बेला कोरोना महामारी फैलियो । अचानक सम्पूर्ण आँकडा बदलियो, लाखौं–करोडौं मानिस घरमा बसेर रासन, औषधि, खाना, कपडा, इलेक्ट्रोनिक उपकरण आदि अनलाइनबाट किन्न थाले । हजारौं नयाँ स्टार्टअप शुरू भए । जसको कारण डिजिटल मार्केटिङ उद्योगमा धेरै जागीरको अवसर पनि उत्पन्न भयो । जस्तै सोसल मिडिया स्पेशलिस्ट, सोसल मिडिया मैनेजर, वेब डेभलपर, कन्टेन्ट मार्केटर, पिपिसी एक्सपर्ट, इमेल मार्केटर, डिजिटल मार्केटिङ एनालिस्ट र वेब एनालिस्ट आदि ।

**इन्टरनेट उपलब्धता:** इन्टरनेटको उपलब्धताको कारण डिजिटल मार्केटिङ निकै सजिलो हुन थाल्यो । मानिस आफ्नो स्मार्टफोन र कम्प्युटरको माध्यमबाट सजिलै इन्टरनेटको उपयोग गरेर किनमेल गर्न थाले र विज्ञापनबाट परिचित हुन थाले ।

**बढ्दो इन्टरनेटको खपत:** घरघरमा स्मार्टफोन र सस्तो इन्टरनेटको कारण इन्टरनेटको खपत निकै बढ्यो । मनोरञ्जन होस् वा समाचार होस् वा शिक्षा नै सबैजना इन्टरनेटमाथि निर्भर हुन थाल्यो । यसै कारण लाखौं ब्रान्ड र कम्पनी आफ्नो व्यापारको लागि इन्टरनेट उपयोगकर्तालाई लक्षित गरिरहेका छन् ।

**सोसल मिडियाको प्रभाव:** सोसल मिडियाले डिजिटल मार्केटिङ क्षेत्रलाई धेरै हदसम्म परिवर्तन गरेको छ । आजका मानिस सोसल मिडियाको उपयोग साथी र परिवारसँग जोडिन मात्र प्रयोग गरिरहेका छैनन्, बरु उनीहरूले सेवा र उत्पादनको पनि खोजी गरिरहेका छन् ।

**ठूलो माग:** डिजिटल मार्केटिङ उद्योगमा युवाहरूको ठूलो मागको मुख्य कारण यही हो कि यो उद्योग निकै तीव्र गतिले उन्नति गर्दैछ । डिजिटल मार्केटिङले संसारलाई परिवर्तन गर्दैछ र यसमा काम गर्ने युवाहरूलाई नवीन प्रविधि र टुल्सबारे ज्ञान हुनुपर्छ ।

**अनलाइन किनमेल:** आजभोलिका मानिसले बढीजसो किनमेल अनलाइनबाट गर्छन् । डिजिटल मार्केटिङ उद्योगले पनि यस्ता व्यक्तिको लागि ठूलो अवसर पनि ल्याइदिएको छ । कोरोना महामारीपछि इकमर्स क्षेत्रको उचाइ बढिरहेको छ ।

### डिजिटल मार्केटिङका यी चार ट्रेन्ड

मार्केटिङको एउटा अन्य ट्रेन्ड छ– डिजिटल मार्केटिङ । यो ती सबै अनलाइन मार्केटिङ गतिविधिका लागि उपयोग गर्न सकिन्छ, जुन इन्टरनेट र इलेक्ट्रोनिक मिडियाको माध्यमबाट गर्न सकिन्छ। आजको समयमा कम्पनी डिजिटल मार्केटिङको लागि अलग–अलग प्लेटफर्मको उपयोग गरिरहेका छन् । जस्तै वेबसाइट, सोसल मिडिया, इमेल र मोबाइल एप्लिकेशन । यसै कारण डिजिटल मार्केटिङ क्षेत्रमा सर्च इन्जिन अप्टिमाइजेशन (सिइओ), सोसल मिडिया मार्केटिङ (एसएमएम), मार्केटिङ एनालिसिस्ट, इमेल मार्केटिङ, भिडियो मार्केटिङ, फेसबूक विज्ञापन एक्सपर्टलगायत थुप्रै विकल्प छन् । यदि तपाई पनि बेरोजगार हुनुहुन्छ र सफलताको एडभान्स्ड वा मास्टर डिजिटल मार्केटिङको मेकर्सको माध्यमबाट तीनदेखि छ महीनाभित्र सिपालु बनेर डिजिटल क्षेत्रमा आफ्नो करिअर बनाउन सक्नुहुन्छ । हालका समयमा यी चार ट्रेन्डका कारणले पनि तपाईंले डिजिटल मार्केटिङ सिक्नुपर्ने हुन्छ ।

**आधार आधारित मार्केटिङ:** आधार आधारित मार्केटिङ एउटा प्रचलित ट्रेन्ड हो । यस मार्केटिङमा ग्राहकको बारेमा जानकारी पत्ता लगाउनुपर्छ । जस्तै उनीहरूको नाम, उमेर, ठेगाना, इमेल आइडी, सोसल मिडिया अकाउन्ट आदि जम्मा गरेर यसको उपयोग गरी उनीहरूलाई प्रभावकारी ढङ्गले विज्ञापन देखाइने गरिन्छ ।

**सोसल मिडिया मार्केटिङ:** सोसल मिडिया मार्केटिङ एउटा महत्त्वपूर्ण डिजिटल मार्केटिङ ट्रेन्ड हो । सोसल मिडियामा विज्ञापन देखाउनुको साथसाथै उत्पादन वा सेवाको विस्तारबारे बताउन र सञ्चार गर्नको लागि सोसल मिडिया प्लेटफर्मको उपयोग गरिन्छ । विभिन्न सोसल मिडिया प्लेटफर्ममा पोस्ट र विज्ञापन शेयर गरेर व्यवसायलाई आफ्नो विनिमय विवरणलाई ग्राहकसम्म पुऱ्याउन सक्छन् र ग्राहकसँग सम्बन्धित जानकारी प्राप्त गर्न सक्छन् ।

**भिडियो मार्केटिङ:** भिडियो मार्केटिङ एउटा लोकप्रिय डिजिटल मार्केटिङ ट्रेन्ड हो, जुन अडियो र भिडियो सामग्रीको माध्यमबाट उत्पादन र सेवाको विज्ञापन गरिन्छ । आजको समयमा यो एउटा प्रभावकारी मार्केटिङ उपकरण साबित भइरहेको छ । अडियो र भिडियो सामग्रीको माध्यमबाट उत्पादन र सेवाको विज्ञापन गरिन्छ । र यसबाट उत्पादन र सेवाको बारेमा दिइएको विवरणलाई सजिलै सम्झाउन सकिन्छ । भिडियो विज्ञापन विभिन्न सोसल मिडिया प्लेटफर्ममा देखाउन सकिन्छ । जस्तैः युटचुब, इन्स्टाग्राम, फेसबूक, टिकटक, स्न्यापच्याट आदि ।

**इन्फ्लुएन्सर मार्केटिङ:** आजभोलि इन्फ्लुएन्सर मार्केटिङ बढ्दो डिजिटल मार्केटिङ क्षेत्रको एउटा प्रमुख तरीका हो । यसमा मार्केटिङ कम्पनी सोसल मिडियामा लाखौं फ्लोअर्सको साथ अकाउन्ट चलाइरहेका इन्फ्लुएन्सर्सको प्रचारको सहारा लिन्छन् । इन्स्टाग्राम, फेसबूक र युटचुबमा इन्फ्लुएन्सर मार्केटिङको तरीका निकै बढेको छ । – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# ७२ घण्टाभित्र कारबाही गरिनँ भने मलाई गढीमाईमा बलि चढाउनुहोला -रवि लामिछाने

राधेश्याम पटेल, परवानीपुर, २७ चैत/
राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले आफ्नै पार्टीका सांसद ढाकाकुमार श्रेष्ठलाई कारबाई गर्ने बताएका छन्। आगामी वैशाख १० गते हुने उपनिर्वाचनको क्रममा बारामा आएका लामिछानेले हिजो साँझ बाराको गढीमाई मन्दिरमा आयोजित पार्टीको आमसभामा बोल्दै उनले यस्तो बताएका हुन्।


तस्वीर: प्रतीक

रास्वपाबाट बारा २ मा उम्मेदवार बनेका रमेश खरेलको प्रचारप्रसारको लागि चितवनबाट बारा आएका लामिछानेले यदि आफ्नै पार्टीका समानुपातिक सांसद श्रेष्ठले दुर्गा प्रसाईंसँग दुई करोड रुपैयाँको डिलमा दोषी भेटिए, ७२ घण्टाभित्र आफैं कारबाहीको लागि अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे। "त्यसो नगरेमा मलाई यही गढीमाईमा बलि दिनुहोला," उनले भने, "म चितवनबाट बारा आउँदै थिएँ, बाटोमा सामाजिक सञ्जालबाट थाहा भयो, मेरै पार्टीका एकजना सांसदले कसैसँग दुई करोड रुपियाँ मागेको अडियो सार्वजनिक भएको कुरा, त्यसबारेमा म गम्भीर छु।" उनले हिजै सांसद श्रेष्ठलाई सात दिनको लागि पार्टीको कुनै पनि काम गर्न बन्देज लगाइएको चर्चा गर्दै पार्टीले छानबीन गरी आवश्यक कानूनी प्रक्रियाको लागि निवेदन दिने र थप छानबीन र कारबाईको लागि अख्तियार दुरुपयोग अनुसन्धानमा पनि जाने ठोकुवा गरे।

"तपाईंहरू नसोच्नुहोला कि सांसद भएर म छोड्छु, देशमा अपराध गर्ने छुट कसैलाई हुँदैन, म आफैं हस्ताक्षर गरी आवश्यक कारबाईको लागि सम्बन्धित निकायमा जानेछु," उनले भने, "त्यो अडियोमा उनीसँगै पार्टीका केही वरपरका व्यक्तिको बारेमा पनि जिकिर छ, तिनीहरूको पनि छानबीन हुनेछ, दोषी भेटिए सफाया हुनेछ।" उनले बारा २ का मतदातासँग रमेश खरेल इमानदार पूर्व प्रहरी अधिकृत भएकाले उनलाई सघाउन अपीलसमेत गरे।

कार्यक्रममा बारा २ बाट रास्वपाका उम्मेदवार रमेश खरेलले आफूले चुनाव जिते बारा २ लाई नमूना क्षेत्र बनाउने दाबी गरे। कार्यक्रममा रास्वपाका अर्का समानुपातिक सांसद मनीष झाले परिवर्तनको लागि एकचोटि रास्वपालाई अवसर दिन अपील गरे। सभामा स्थानीय तथा केन्द्रीय नेताहरूले समेत मन्तव्य व्यक्त गरेका थिए। सभामा पुग्नुअगावै रवि लामिछानेका समर्थकहरूले उनीसँग गढीमाई मन्दिर परिसरमा सेल्फी र फोटो खिचाउन घेरेका थिए।

## चट्याङबाट आफू बचौं र अरूलाई पनि बचाऔं

**चट्याङबाट बच्न,**

**घरबाहिर हुनुहुन्छ भने,**

- अग्लो र एक्लो रूखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा र्‍याफ्टिङजस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारवार नजिक नबस्ने,

**घरभित्र हुनुहुन्छ भने,**

- विद्युतीय सामग्रीहरू जस्तै टीभी, कम्प्यूटर, फ्रिज, वासिङ मेसिन नजिक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्याण्डलाइन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# खेलकूदको संसार

## प्रधानसेनापति ट्रफी-२०७९ शुरू

काठमाडौं, २७ चैत/रासस
नेपाली सेनाले हरेक वर्ष आयोजना गर्दै आएको 'प्रधानसेनापति ट्रफी-२०७९' शुरू भएको छ। प्रतियोगिता सैनिक मुख्यालयभित्रको खेलमैदानमा सोमवार आयोजित एक कार्यक्रमबीच प्रधानसेनापति प्रभुराम शर्माले उद्घाटन गरे।

आगामी वैशाख १० गतेसम्म सञ्चालन हुने प्रतियोगितामा विभिन्न नौ खेल समावेश गरिएका छन्। जसमा एथ्लेटिक्स, स्विमिङ, बक्सिङ, तेक्वान्दो, भलिबल, बास्केटबल, फूटबल, सुटिङ र आर्चरी विधाका खेलहरू समावेश गरिएका छन्।

प्रतियोगिताका खेलहरू भद्रकालीस्थित नेपाली सेनाको खेलकूद मैदानका साथै छाउनीस्थित जगदल गण र लगनखेलस्थित सैनिक शारीरिक तथा खेलकूद केन्द्रमा सञ्चालन हुनेछन्।

उत्कृष्ट खेल प्रतिभाहरूको पहिचान गरी खेलाडीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकूद क्षेत्रमा स्थापित गर्ने उद्देश्यले २०६५ सालदेखि शुरू भएको 'प्रधानसेनापति ट्रफी खेलकूद प्रतियोगिता' नेपाली खेलकूद क्षेत्रको विकासका लागि कोसेढुङ्गा साबित भएको विश्वास नेपाली सेनाको छ।

उद्घाटनका अवसरमा आज महिलाहरूको एक हजार पाँच सय मिटर र पुरुषहरूको आठ सय मिटर दौडमा विजयी हुने खेलाडीहरूलाई प्रधानसेनापति शर्माले पुरस्कार वितरण गरेका थिए। प्रतियोगितामा महिलातर्फ लिजा लम्तरीले पाँच मिनेट १७ सेकेन्डमा दौड पूरा गरी प्रथम भएकी थिइन्।

त्यस्तै, सोमिता पहरीले पाँच मिनेट २३ सेकेन्ड समयमा द्वितीय र निशा बुढामगरले पाँच मिनेट २५ सेकेन्डको समयमा दौड पूरा गरी तृतीय भएका थिए। त्यस्तै, पुरुषतर्फ चार मिनेट १० सेकेन्ड दौड पूरा गरी रामचन्द्र बानियाँ प्रथम भए। मिलन कार्कीले चार मिनेट १० सकेन्ड बढी समय लगाएर दोस्रो भए भने दीपेन्द्रनाथ चार मिनेट १३ सेकेन्डमा दौड पूरा गरी तृतीय भएका थिए।

# ठोरीमा १० महिलासहित ४३ जनाद्वारा रक्तदान

प्रस, ठोरी, २७ चैत/
जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडले १३औं वार्षिकोत्सवमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ।

संस्थाको ठोरी शाखाको आयोजना तथा नेपाल रेडक्रस सोसाइटी, भरतपुर, चितवनको प्राविधिक सहयोगमा भएको कार्यक्रममा ४३ जनाले रक्तदान गरेका थिए।

शाखा प्रमुख सुमन सापकोटाको अध्यक्षतामा आयोजित रक्तदान कार्यक्रममा प्रमुख अतिथि ठोरी गाउँपालिका वडा नं २ का अध्यक्ष अमृतकृष्ण सापकोटाले यस लघुवित्तले शुरूदेखि नै सामाजिक कार्य गर्दै आएको बताए। आगामी दिनमा सामाजिक रूपान्तरणमा समेत सहयोग गर्ने विश्वास व्यक्त गरे।



तस्वीर: प्रतीक

लघुवित्तले अहिलेसम्मको यात्रामा पर्सादेखि कञ्चनपुरसम्मका तराईका १० र पहाडका नौ गरी १९ वटा जिल्लामा ३९ वटा शाखामार्फत करीब ४८ हजार ५०० समूह सदस्यलाई सेवा पुऱ्याइरहेको ठोरी शाखा प्रमुख सापकोटाले बताए।

उनले आजको रक्तदान कार्यक्रममा १० महिला र ३३ पुरुष गरी ४३ जनाले रक्तदान गरेका शाखा प्रमुख सापकोटाले जानकारी दिए।

## सामानसहित ट्रक नियन्त्रण

प्रस, वीरगंज, २७ चैत/
बिलबीजकभन्दा बढी खुद्रा, हार्डवेयर




तथा लत्ताकपडाहरू लोड रहेको एउटा ट्रकलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

वीरगंजबाट चितवनतर्फ जाँदै गरेको ना.२ख ९३८९ नम्बरको ट्रकलाई आइतवार वीरगंज महानगरपालिका वडा नं १३ पावरहाउस चोकमा चेकजाँच गर्दा ट्रकभित्र रहेका खुद्रा, हार्डवेयर तथा लत्ताकपडा बिलबीजकभन्दा बढी देखिएपछि कारबाईको लागि आज राजस्व अनुसन्धान कार्यालय, पथलैयामा बुझाइएको जिप्रका, पर्साले जनाएको छ।

# चरेस र गाँजासहित चारजना पक्राउ

प्रस, वीरगंज, २७ चैत/
जिल्ला प्रहरी कार्यालय, पर्साले ठोरी र पटेर्वासुगौली गाउँपालिकाबाट ११८ किलो चरेस र ६५ किलो गाँजासहित चारजनालाई पक्राउ गरेको जनाएको छ।


तस्वीर सौजन्य: जिप्रका, पर्सा

आइतवार पटेर्वासुगौली गाउँपालिका वडा नं ५ देउरिया निवासी प्रदेशी राउतको घरमा प्रहरीले छापा मार्दा ११८ किलो चरेस र चार किलो गाँजा बरामद भएको जिप्रका, पर्साले जनाएको छ। प्रहरीले लागूऔषध ओसारपोसार तथा किनबेचमा संलग्न रहेको आरोपमा ६० वर्षीय प्रदेशी राउत थारू, मकवानपुर राक्सीराङ गापा-८ बस्ने ३८ वर्षीय रमेश मोक्तान, मनहरी गापा-६ बस्ने २५ वर्षीय रोशन मोक्तानलाई पक्राउ गरेको जनाएको छ।

यसैगरी, शुक्रवार राति इलाका प्रहरी कार्यालय, ठोरीले हनुमाननगरबाट ढेडु खोलाको बाटो हुँदै आउँदै गरेका चितवन, लोथर नगरपालिका-९ बस्ने ५७ वर्षीय रामबहादुर तामाङले बोकेको बोरा चेकजाँच गर्दा ६१ किलो गाँजा बरामद भएको प्रहरीले जनाएको छ।

उनलाई लागूऔषधसम्बन्धी कसूरमा पर्सा जिल्ला अदालतबाट चार दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।



निजगढस्थित बकैया पुलको १ र ५ नं एक्सपान्सन ज्वाइन्टमा रहेको फलामे एन्गल हटाइ नयाँ फेर्ने काम भएसँगै दैनिक सयौं साना/ठूला सवारीसाधनहरू खोलाबाट गुड्नुपरेको छ। पुन: सुचारु हुन एक साता लाग्ने निर्माण कम्पनीका प्राविधिकले जानकारी दिएका छन्। तस्वीर: जीतलाल श्रेष्ठ